राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

☎०८४-४६०१६७
☎०८४-४६०१११

प.सं. : २०८०/८१ (शिक्षा, युवा तथा खेलकुद शाखा)
च.नं. : ४६९

## विद्यालयको अन्तिम लेखापरीक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना!

(प्रथम पटक प्रकाशित मिति २०८०/०६/०८)

राजापुर नगर शिक्षा समितिको मिति २०८०/०६/०४ गतेको निर्णयानुसार यस नगरपालिका अन्तर्गतका विद्यालयहरुको आर्थिक वर्ष २०७९/०८० (विगतका वर्ष समेत) को आर्थिक कारोबारका अन्तिम लेखापरीक्षण गर्ने, गराउने प्रयोजनका लागि लेखापरीक्षकहरुको विवरण तयार गर्नुपर्ने हुँदा विद्यालयको लेखापरीक्षण गर्न इच्छुक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सदस्यता नविकरण गरेका लेखापरीक्षकहरुबाट मिति २०८० असोज २२ गतेसम्म कार्यालय समय भित्र देहायमा उल्लेखित कागजातहरुका प्रतिलिपि संलग्न राखी व्यक्ति र फर्मको हालको ठेगाना र संचालनमा रहेको सम्पर्क मोबाइल नम्बर उल्लेख गरी कार्यालयमा वा इमेल ठेगाना education.rajapurmun@gmail.com मा निवेदा पेश गर्न, गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

देहायः

१ सक्कल निवेदन

२ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३ फर्म दर्ता प्रमाणपत्र (नविकरण गर्नुपर्ने भए सो समेत)

४ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्रमाणपत्र (नविकरण गर्नुपर्ने भए सो समेत)

५ आर्थिक वर्ष २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि

६ स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र

७ मोबाईल नम्बर

८ रु. ५०० (पाँच सय मात्र) राजश्व जम्मा गरेको रसिदको सक्कल प्रमाणपत्र।

**पुनश्च- म्याद नाघी तथा रित नपुगी आएको आवेदन स्वीकृत गरिने छैन।**

२०८०/०६/०८

शाखा अधिकृत